# कार्यविधीको अनुसूची ४ अनुसारको
# रामग्राम नगरपालिकाको आर्थिक वर्ष २०७२/०७३ को
# सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन

## ५. स्थानिय निकायको संक्षिप्त परिचय

नगरपालिकाको नामः-रामग्राम नगरपालिकाको कार्यालय, नवलपरासी

स्थापना मिति :-२०५३ साल चैत्र १४ गते

विकास क्षेत्रः-पश्चिमाञ्चल विकास क्षेत्र

अञ्चलः-लुम्वीनी अञ्चल

जिल्लाः-नवलपरासी जिल्ला

निर्वाचन क्षेत्रः-.....

वार्ड संख्याः- १३ वटा रहेको ।

टोल संख्याः-४१ वटा रहेका छन ।

टोलविकास संस्थाः-८१ वटा रहेका छन ।

नगरपालिकाको जम्मा घरधुरीसंख्याः-४७३० रहेको ।

नगरपालिकाको जम्मा जनसंख्याः- २५७०९ रहेको ।

पुरुषको संख्याः-१२५९६ छन ।

महिलाको संख्याः-१३११३ छन ।

समुन्द्र सतहदेखि उचाईः-७० मि.देखि ७५ मिटर सम्म रहेको ।

भू-उपयोग :

- कुल जमीनको क्षेत्रफल ३१.५० वर्ग किमी
- रामग्राम नगरपालिका आवास क्षेत्रले ओगटेको उक्त नगरपालिका अन्तर्गतको जमीनको क्षेत्रफल २६४ हेक्टर

भौगोलीक अवस्थितिः-अक्षांश र देशान्तर २७° २९ उत्तरी अक्षांश देखि २७° ३४ उत्तरी अक्षांशसम्म तथा ८३° ३८ पूर्वी देशान्तरदेखि ८३° ४३ पूर्वी देशान्तर सम्म रहेको छ ।

वार्षिक औषत तापक्रमः-४२° र न्युनतम ८° रहेको छ ।

वार्षिक वर्षा:-१९४७ मि.मि. रहेको छ ।

यस नगरपालिका भावर प्रदेशमा पर्ने भएकोले गृष्ममा ४२ डिग्रि सेन्टीग्रेट सम्म तापक्रम पुग्दछ । अन्य क्षेत्रको तुलनामा यस क्षेत्रमा अत्याधिक गर्मी हुन्छ । यहाँको हावापानी उष्ण मनसुनी हावापानी उल्लेख गरेको पाईन्छ ।यो नगरपालिका भिन्नै पहिचान बोकेको भौगोलिक रुपमा तीन तल्ले जिल्लाको सबै भन्दा तल्लो तलाको रुपमा परिचित रहेको छ ।

सिमाना

पुर्वमा:- मनरी र देवगाउँ गा.वि.स.पर्दछन ।

पशिचममा:-सुनौली र हकुई पर्दछन ।

उत्तरमा:-स्वाठी र रामनगर पर्दछन ।

दक्षिणमा:-पाल्ही, सनई र कुश्मा गाविस पर्दछन् ।

मुख्य चाडपर्व :-दसै, तिहार, तीज, इद, लोहसार, छठ माघी, चण्डीपूर्णिमा भजनकीर्तन, चारुनाँच, लाखेनाँच, वालन आदि रहेको छन् ।

प्रमुख खेतिहरु:-धान, गहुँ, मकै जस्ता खाद्यान्न बाली तथा तोरी, तरकारी र उँखु जस्ता नगदेबालीहरु यहाँको प्रमुख खेतीहरु हुन् भने तरकारी वालीमा आलु, प्याज, लसुन, खुर्सानी हरियो सागपातहरु आदि पर्दछन् । दलहन अर्न्तगत यहाँ उत्पादन हुने मुसुरो, आलस, कालो मास, मुगि दाल, चना, केराउ, भटमास, बोडी उत्पादन हुने गर्दछन् ।

पशुपालन:- मुख्यतया गाई, गोरु, भैसी, राँगा, बाख्रा, कुखुरा, हाँस पालन गर्ने गर्दछन ।

जिल्ला अस्पताल:-१ वटा (वडा नं ५ मा)

उप-स्वास्थ्यचौकी:-२ वटा (वडा नं.१०, १२ मा)

प्राथमिक आँखा उपचारकेन्द्र:-१ वटा (वडा नं. ५ मा)

नगरमा रहेका विद्यालयहरु विवरण संख्या

| क्र.सं. | तह | सामुदायिक विद्यालय | निजी विद्यालय | मदरसा | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्राथमिक विद्यालाय | ५ | ४ | | ९ |
| २ | निम्न माध्यमिक वि. | ४ | | | ४ |
| ३ | माध्यमिक वि. | २ | ४ | | ६ |
| ४ | उच्च माध्यमिक वि. | २ | १ | | ३ |
| ५ | मदरसा वि. | ३ | | | ३ |
| ६ | क्याम्पस | १ | १ | | २ |
| जम्मा | | १० | ९ | १ | २० |

नेपाल राज्यको ५ विकास क्षेत्र मध्ये पश्चिमाञ्चल विकास क्षेत्र महामानव शान्तिका दुत भगवान गौतम बुद्धको जन्मस्थलको रुपमा विश्व परिचित लुम्बिनी अञ्चलका ६ वटा जिल्लाहरु मध्ये नवलपरासी पनि एक हो । करिब २१६२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस जिल्लाको पूर्वमा चितवन, पश्चिममा रुपन्देही, उत्तरमा पाल्पा र तनहुँ जिल्ला र दक्षिणमा मित्रराष्ट्र भारतको उत्तर प्रदेश र विहार प्रान्त पर्दछ । समुन्द्रि सतहबाट करिब ७० मि. देखि १९३६ मि. सम्मको उचाईमा अवस्थित जिल्लाको पूर्व दक्षिण भागमा नवलपुर, पश्चिम दक्षिण भागमा तराई, उत्तर पूर्व र उत्तर पश्चिम भागमा महाभारत पर्वत श्रृङखलाको चुरे पहाडी क्षेत्र पर्दछ । नवलपरासी जिल्लामा रहेका ६ वटा नगरपालिका मध्ये यस जिल्लाको सदरमुकाम परासीमा रहेको रामग्राम नगरपालिका बि.स.२०५३ चैत्र १४ गते स्थापना भएको हो । भगवान गौतम बुद्धको पवित्र अस्थिधातु रहेको प्राचिन रामग्राम स्तुपका नाममा यस नगरपालिकाको नामाकरण रामग्राम नगरपालिका भन्ने गरिएको हो । यस नगरपालिका तत्कालिन परासी आदर्श, मंझरिया, उनवछ र जमुवाड गरी जम्मा ४ वटा गाविसहरु मिलि बनेको हो । यो नगरपालिका भित्र १३ वटा वडाहरु छन् ती वडाहरुमा ४१ वटा टोलहरु छन ती ४१ वटा टोलहरु भित्र ८० वटा टोल विकास संस्था गठन गरिएको रामग्राम नगरपालिका जिल्लाको पहिलो नगरपालिका हो । यहाँ जनगणना २०६८ अनुसार २५९९० जनसंख्या रहेकोमा नेपाल राज्यमै सबै भन्दा बढी कुम्हाल र राजभार जातिको बसोवास समेत रहेको पाईन्छ भने

(क) <u>भौगोलिक अवस्था</u>

यस नगरपालिकाको पुर्वमा मनरी, देवगाउँ, पश्चिममा सुनौली, हकुई, उत्तरमा स्वाठी, रामनगर, दक्षिणमा पाल्ही, सनई र कुशमा गाविस पर्दछन् । प्रशासनिक रुपमा ५९गाविस, ६ नगरपालिका, १५ इलाका विभाजित यस जिल्लाको सदरमुकाम जिल्लाको पहिलो नगरपलिका रामग्राम नगरपालिकाको परासी बजारमा रहेको छ । जुन पूर्व पश्चिम राजमार्गको सुनवल भन्ने स्थानबाट ९ कि.मी. तथा भुमहीबाट ८ किमी दक्षिणमा अवस्थित रहेको छ । नवलपरासीको तराई भूभागमा पर्ने यो नगरपालिका मित्रराष्ट्र भारतको ठुटी बजार नजिकै रहेको छ ।

(ख) <u>भू-बनोटको सामान्य परिचय :</u>

रामग्राम नगरपालिका पनि तराई भएका कारण यहाँको जमिन सम्म रहेको छ । समुद्री सतहबाट ७० मिटर देखि ७५ मिटर सम्मको उचाई रहेको यस नगरपालिकामा अत्यन्त गर्मि, धेरै बर्षात, उब्जाउ जमिन, घना बस्ती भारतीय रहनसहन र संस्कृतिको बढि प्रभाव आदि विशेषता रहेको यस नगरपालिकालाई नेपालको अन्नको भण्डार भन्ने गरिन्छ ।

(घ)<u>नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि :</u>

समुद्री सतहबाट ७० मिटर देखि ७५ मिटर सम्मको उचाईमा अवस्थित रामग्राम नगरपालिका यस जिल्लाको सदरमुकामको नगरपालिका हो र यो नगरपालिका बि.स.२०५३ चैत्र १४ गते स्थापना भएको हो । भगवान गौतम बुद्धको पवित्र अस्थिधातु रहेको प्राचिन रामग्राम स्तुपका नाममा यस नगरपालिकाको नामाकरण रामग्राम नगरपालिका भन्ने गरिएको हो । रामग्राम

नगरपालिका शान्तिका दुत भगवान गौतम बुद्धको मावली गाउँ रहेको इतिहास भेटिन्छ । यस नगरपालिका तत्कालिन परासी आदर्श, मंझरिया, उनवछ र जमुवाड गरी जम्मा ४ वटा गाविसहरु मिलि बनेको हो । यस नगरपालिकामा १३ वटा वडाहरु मध्ये शहरी वडाहरु ५ वटा छन भने ग्रामिण ८ वटा वडाहरु रहेका छन । यस नगरपालिकाको कुल ३१.५० वर्ग कि.मि.मध्ये २६४ हेक्टरमा आवसगृहहरु छन ।

## (ङ)नगरपालिकामा रहेको सम्भाव्यता, समस्या, अवसर र चुनौतिहरु :

भगवान गौतम बुद्धको पवित्र अस्थिधातु रहेको प्राचिन रामग्राम स्तुपा यसै नगरपालिकामा रहेकोले यो सांस्कृतिक दृष्टिकोणले पनि  महत्वपुर्ण छ । यो नगरपालिका मित्रराष्ट्र भारतबाट ९ कि.मि. दुरीमा रहेका र धार्मिक यहाँ पर्यटनको सम्भावना पनि रहेको छ । श्रोत साधनको कुसल एवं प्रभावकारी उपयोगको अभाव रहेको छ । त्यस्तै व्यवस्थापन सम्बन्धि स्पष्ट दिर्घकालिन नीतिको अभाव छ । बजारमुखी संस्कृतिको अभाव, अनुसन्धान तथा विकासको अभाव, कमजोर जनशक्ति व्यवसथापन, प्रतिस्पर्धात्मक क्षमता र समन्वयको अभाव रहेको छ । असुरक्षा, राजनीतिक अस्थिरता कार्यन्वयन तहमा रहेका व्यक्तिहरुको छिटो छिटो परिवर्तन उर्जाको नियमित आपुर्तिमा कमी चन्दा फिरौति जस्ता कारणले गर्दा लगानीको वातावरण अनुकुल भएको छैन । यस क्षेत्रमा खानेपानीमा आर्सेनीकको मिसावट अत्याधिक छ । झरहि खोलाकोकटानले पनि समय समयमा अन्नवालीलाई असर गरीरहेको छ भने भू-क्षय पनि बारम्बर भैरहेको छ । श्रोत अभावका कारण सडक लगायतका भौतिक पुर्वाधारहरु निर्माण गर्न कठिनाइ हुनुका साथै हालका दिनमा लगानीमैत्रि वातावरण वनाउनु र सबै बस्तु तथा सेवाको उत्पादन लागतमा कमि गर्नु चुनौतिपुर्ण रहेको छ । विकास नीति योजना कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्न सकिएमा रोजगारी वृद्धि हुने छ । पुर्वाधार विकासमा लगानी गर्न सकिने राष्ट्रिय, अन्तराष्ट्रिय व्यापारविस्तार र विविधिकरण गर्ने, आन्तरीक श्रोत साधनको प्रभावकारी व्यवस्थाहुने कृषि क्षेत्रको विकासमा विशेष जोड दिन सकिने, बैदेशिक सहायताको व्यवस्थापन हुने, मानवसंसाधनको विकास र उपयोग हुने वातावरण संरक्षण र सम्वर्धन हुने जस्ता गरिवि न्यूनिकरण, दिगो, उच्च एवं फराकिलो अर्थिक वृद्धिगर्न सकिने अवसरहरु प्रशस्त रहेका छन । आयआर्जनका नयाँ सम्भावनामा आँप, केरा  आदि फलफूल खेती र  उखु, तोरी, तरकारी जस्ता नगदे वालीहरुका लागि सिंचाईको अवसर  पनि प्रशस्तै रहेकोछ । गरिबि न्यूनीकरण का प्रयासलाई गरिब र धनी विचको बढदै गएको असमानताको अन्तरलाई कम गर्ने चुनौती देखिन्छ

। सीपयूक्त जनशक्तिको अनुसन्धान गरी श्रमको माग र आपुर्तिमा सन्तुलन ल्याउनु, देशभित्र विद्यमान र स्तरीय सिप विकासका अवसर रोजगारी श्रृजना गर्नु, अन्तराष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नु, तालिमका कार्यक्रमहरुलाई स्थानीय स्तरसम्म पुऱ्यउन सक्नु, विकास कार्यक्रमको समान विकास गर्न सक्नु, विकासका पुर्वाधारहरु सबैको पहुँच बाहिर रहनु, स्थानीय निकायहरुमा संस्थागत संरचनाहरुमा अवसरहरु श्रृजना गर्नु बढदै गएको भ्रष्टचार र सुशासन जस्ता कानुनी कुराहरुमा स्पष्ट नीतिको अभाव रहनु, नगरपालिकाको

बढदो बस्ती विकासलाई व्यवस्थित गर्नु, फोहर मैलाको उचित व्यवस्थापन गर्नु, ढलनिकासलाई ब्यवस्थित गर्नु, सबै नगरबासीलाई सहरी सुविधाहरु सहज रुपमा उपलब्ध गराउनु र आन्तरीक श्रोतको प्रभावकारी परिचालन गर्नु जस्ता चुनौतीहरु रहेका छन् । सार्वजनिक जमिनमा वृक्षारोपण गरी बातावरण संरक्षण तथा औधोगिक करिडोरका रुपमा विकास गर्न सकिनेछ ।

(च) नगरपालिकाको अन्तर सम्बन्ध :

यस नगरपालिकाको उत्तर तर्फको नवघोषित सुनवल नगरपालिकासँग श्रोत परिचालन र पुर्वाधार विकासमा साझेदारी गर्न सकिने अवसर सृजना भएको छ भने छिमेकी गाविसहरु पुर्वमा मनरी, देवगाउँ, पश्चिममा सुक्रौली, हकुई, उत्तरमा रामनगर, दक्षिणमा पाल्ही, सनई र कुश्मा गाविस सँग कृषि उपज, कृषि बजार विस्तार, सडक सञ्जाल निर्माण, सहरी सुविधाको विस्तार लगायतका क्षेत्रमा साझेदारी गरी ग्रामिण शहर अन्तर सम्बन्ध विस्तार गर्ने सम्भावना रहेको छ । साथै नगरपालिकाबाट ९ कि.मि. को दुरीमा रहेको ठुटी बजार छोटी भन्सार तथा २२ कि मीको दुरीमा रहेको भैरहवा तथा सुनौली भन्सारलाई जोड्ने बाईपास सडक मार्फत स्वदेशी उत्पादनहरुलाई सहजै विदेशि बजार सम्म पुऱ्याई बैदेशिक व्यापार र निर्यात प्रवर्द्धन गर्ने नगरपालिकाले सेतुको रुपमा कामगर्न सक्ने सम्भावना उत्तिकै रहेको छ ।

## ५.२. रामग्राम नगरपालिकाको वडा अनुसार घर धुरी जनसंख्या विवरण

| वडा नं. | घर धुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | ४२५ | ११४१ | ११३७ | २२७८ |
| २. | ३८८ | १००६ | १०७३ | २०७९ |
| ३. | ४२१ | ११०३ | १११३ | २२१६ |
| ४. | ४१९ | ११५४ | ११६३ | २३१७ |
| ५. | ३०० | ७८१ | ८८२ | १६६३ |
| ६. | ३१३ | ८६८ | ९२४ | १७९२ |
| ७. | ४६६ | १३०३ | १३९७ | २७०० |
| ८. | ४१८ | १०९३ | १०९० | २१८३ |
| ९. | २३९ | ६५१ | ७०१ | १३५२ |
| १०. | ३४९ | ९१२ | ९७५ | १८८७ |
| ११. | ३१८ | ८११ | ७९२ | १६०३ |
| १२. | ३९६ | १०२३ | १०७१ | २०९४ |
| १३. | २७८ | ७५० | ७९५ | १५४५ |
| जम्मा | ४७३० | १२५९६ | १३११३ | २५७०९ |

स्रोत :-रामग्राम नगरपालिकाको नगरप्रोफाईल अनुसार

## .३ रामग्राम नगरपालिकाको नक्सा




**श्रोत:- केन्द्रीय तथ्यांक विभागको नक्सांकन अनुसार**

## ७. आ.व. २०७२/०७३ मा सम्पन्न भएका योजनाहरु तथा मुख्य उपलब्धिहरु

| | योजना / कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| | लक्षित समूह विकास कार्यक्रम ३५% | | |
| | सवै जातजातिका विपन्न वर्ग महिला लक्षित विकास कार्यक्र १०% | | |
| १ | सुधारिएको चुलो सञ्चालन तालिम | १ | १,००,०००।- |
| २ | एडभान्स सिलाई कटाई तालिम | संगमटोल २ | ५०,०००।- |
| ३ | करेशावारी सुधार तालिम | संगमटोल २ | ५०,०००।- |
| ४ | सिलाइ कटाई तालिम | बुद्धटोल ४ | ५०,०००।- |
| ५ | प्लाष्टिक न्यूनिकरणका लागि कागजको ठोगा बनाउने तालिम | आदर्शटोल ५ | ३०,०००।- |
| ६ | भुजिया पापड तालिम | वडा नं.६ ना.स.केन्द्र | ५०,०००।- |
| ७ | सिलाई कटाई तालिम | वडा नं.७ पुरै वडा | १,००,०००।- |
| ८ | सिलाई कटाई तालिम | वडा नं.८ बगैचा टोल | ४०,०००।- |
| ९ | च्याउ खेति तालिम | वडा नं.८ उनवछ | २९,२००।- |
| १० | मैनबत्ति र अगरबत्ति बनाउने कार्य | वडा नं.९ | ४०,०००।- |
| ११ | सिलाइ कटाई तालिम | वडा नं.९ सन्तपुर | ३०,०००।- |
| १२ | तरकारी खेति तालिम | वडा नं.१० मंझरिया सिदार्थटोल विकास संस्था | ४०,०००।- |
| १३ | मोढा बनाउने तालिम | वडा नं.१० लंकहवा | ४०,०००।- |
| १४ | च्याउ बनाउने तालिम | वडा नं.१० विद्यालयनगर | २०,०००।- |
| १५ | गुन्द्रि (चकटी) बनाउने तालिम | वडा नं.११ रानीपाकड | ५०,०००।- |
| १६ | बैदेशिक रोजगारमा जाने व्यक्तिको परिवारलाई तालिम | वडा नं.११ रानीपाकड | ५०,०००।- |
| १७ | भुजिया पापड तालिम | वडा नं.१३ कैलाशपति | ५०,०००।- |
| १८ | महिला उदघोषण तालिम | | ५०,०००।- |
| १९ | पशुपालन तालिम | वडा नं.१३ | ५०,०००।- |
| २० | महिला स्वास्थ्य कार्यक्रम | | १०१४६२।- |
| २१ | सिचाई बोरिङ्ग वचाव लागि तटबन्ध निर्माण झुलुगे पुलका लागी लागत सहभागिता र सडक मर्मत | वडा नं.१३ पाडाटिकर | १,५९,०२०।- |
| २२ | अपाङ्ग बुक वाइन्डिङ्ग तालिम | | ३०,०००।- |
| २३ | चौतारा निर्माण कार्य | वडा नं.२ | २५,०००।- |

| | | | |
|---|---|---|---|
| | सबै जातजातिका आर्थिक रुपमा विपन्न एवं पिछ्डिएको वर्ग लक्षित कार्यक्रम | | |
| २४ | कुशन निर्माण तालिम | वडा नं.१ | १,००,०००।- |
| २५ | च्याउ खेति तालिम | वडा नं.२ हाटबजार | ३०,०००।- |
| २६ | कम्प्यूटर तालिम | वडा नं.२ पुरै वडा | ५०,०००।- |
| २७ | दाल भुजिया तालिम ३ नासके | | ५०,०००।- |
| २८ | सीप विकास तालिम ३ महिला जेसिस | | ५०,०००।- |
| २९ | हाउस वायरिङ्ग तालिम | वडा नं.४ पुरै वडा | १,००,०००।- |
| ३० | वातावरण तथा जलवायु अनुकुलन तालिम | वडा नं.५ | ६०,०००।- |
| ३१ | कुशन बनाउने तालिम ड्राईभरटोल | वडा नं.५ | ४०,०००।- |
| ३२ | भुजिया पापड बनाउने तालिम कृष्णटोल | वडा नं.९ | ३०,०००।- |
| ३३ | सरसफाई तथा फोहोर मैला व्यवस्थापन तालिम | वडा नं.१२ पुरैवडा | १,००,०००।- |

## अनुसूची -१

## ८. सामाजिक जिम्मेवारी कार्यसम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| | | स्वास्थ्य | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या वा प्रतिशत | सबै घरधुरीवाट १ घण्टा भित्र स्वास्थ्य चौकी पुग्न अवस्था रहेको | सवै नगरवासिहरुलाई स्वास्थ्यचौकी पुग्न सहज र छिटो समयमा नै पुग्न सकिने वातावरण सिर्जना गर्न कच्ची वाटो, गोरेटो वाटो, खोलानालामा पुल आदिको व्यवस्थापन गर्दै लैजाने प्रयास गर्दछौ । | यातायात तथा सडकको सुविधा भएको कारणले नगरवासिहरुलाई स्वास्थ्यचौकी पुग्न छिटो तथा सहज भएको अवस्था छ । |
| ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत वा संख्या | १९८७ जना वालबालिकाको संख्या रहेको छ । | - | - |
| खोपमा पहुँच भएको जनसंख्या ( एक वर्ष मुनिका बालबालिकाको आधारमा) | १००% वालवालिकाहरुको खोपमा पहुँच भएका छन । | खोपमा पहुँच पुऱ्याउनका लागि विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रमहरु सुनौला हजार जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको । | न.पा.मा भएका सम्पूर्ण बालबालिकाहरुका लागि खोप सेवा सहज रुपमा उपलब्धता भएको । पूर्ण खोप घोषणा भएको । |
| ४ पटक गर्भवति जाँच गरिएका महिलाको संख्या प्रतिशत | ३७९ जना महिलाहरुले ४ पटक गर्भवति जाँच गराएका । | ४ पटक गर्भवति जाँच गराउनुपर्छ भन्ने चेतना फैलाउन नगरको विभिन्न स्थानहरुमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिदै लैजाने । | ४ पटक गर्भवति जाँच गराएका महिला दिदिवहिनीहरु स्वस्थ्य शिशुको जन्म गराएका । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसूती गरिएको महिलाको संख्या प्रतिशत | ३८ जना महिलाहरुले दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराएको अवस्था छ । | दक्ष प्रसुतीकर्मीबाट प्रसूती गराउनुपर्छ जस्ले बच्चा र आमा दुवैको स्वास्थ्यमा असर पर्दैन भन्ने कुराको चेतना अभिवृद्धि गर्न जनचेतना फैलाउने प्रयासलाई निरन्तरता दिदै लैजाने । | ५५६ जना महिलाहरुले दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराएकोले बच्चा आमा दुवै स्वस्थ्य र सवल भएको अवस्था छ । |

| | | | |
|---|---|---|---|
| झाडा पाखालाबाट मृत्यु हुने बालबालिका संख्या | कुनै पनि बालबालिकाको झाडापखालाबाट मृत्यु नभएको । | झाडा पाखालाबाट वालवालिकाहरुलाई बचाउन विभिन्न किसिमको सञ्चारका माध्यमहरुद्धारा सरकारले नै जनचेतना फैलाउने कार्यहरु गर्दै आईरहेको छ । | हाल सम्म कोही पनि झाडापखलाबाट मृत्यु नभएको तथ्याङ्कले देखाएको । |
| सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ४७३० घरधुरी परिवार संख्याले सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिईदै आएको छन । | सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सवै नगरवासिहरुलाई सेवा सुविधा सहज बनाउनको लागि आवश्यक गृहकार्य गरिने । | तुलनात्मक रुपमा वृद्धि भएको । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| | | शिक्षा | |
| आधाघण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिका संख्या | ८२ जना बालबालिकाहरु आधाघण्टा भित्र प्राथमिक विद्यालय पुग्न नसक्ने अरु वाकि सबै आधाघण्टाभित्र पुग्नसक्ने । | आवश्यक स्थानमा सरकारले नै प्राथमिक विद्यालयहरु स्थापना गरिदेने । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले ल्याएको हुनाले । सबैले साक्षर हुने अवसर पाएको । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | सरकारले नै अनिवार्य रुपमा पूर्व प्राथमिक शिक्षा नीति लयाएको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएको । | सबैले साक्षर हुने अवसर पाएको । |
| प्राथमिक विद्यालयमा पहुँच नभएको सो उमेरका बालबालिका संख्या प्रतिशत | १०० प्रतिशत विद्यार्थीहरु प्राथमीक विद्यालयमा पहुँच भएको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएको । |
| कक्षा १ मा खुद भर्ना दर छात्रछात्रा | छात्रछात्रा १०० प्रतिशत रहेको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएको । | सबैले साक्षर हुने अवसर पाएको । |

| | | | |
|---|---|---|---|
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र उर्तिण हुने दर | सरकारले कक्षा नदोहोऱ्याउने निति ल्याएकोले दोहोऱ्याउने संख्या नरहेको तर कक्षा छोडने विद्यार्थीको संख्या २१० जना रहेको । | सरकारले कक्षा नदोहोऱ्याउने र १०० प्रतिशत उर्तिण हुने निति ल्याएको । | सरकारले १०० प्रतिशत उर्तिण हुने निति ल्याएकोले कक्षा छोडने विद्यालय भर्ना नहुने खालका समस्या न्यूनिकरण हुदै गएको । |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको तथ्याङ्क उपलब्ध नभएको । | तालिम प्राप्त शिक्षक तथा शिक्षिकाको संख्या प्राथमिक तहका विद्यालयहरुमा आवश्यकता अनुसार थप गरिदै लगिने छ । | तालिम प्राप्त शिक्षक तथा शिक्षिकाको शिक्षा आर्जनले १०० प्रतिशत विद्यार्थीहरु सफल भएका । |
| प्रति कोठा विद्यार्थी संख्या | प्रति कोठा विद्यार्थी संख्या ३० देखि ३५ जना सम्म रहेको । | आवश्यक्तता अनुसार प्रति कोठ विद्यार्थीहरुको संख्या राख्ने निति तथा नियम सरकारले अवलम्वन गर्दै आएको । | प्रति कोठा थोरै विद्यार्थी राखेर पढउदा सबै विद्यार्थीहरुलाई पढन र शिक्षक शिक्षिकालाई पढाउन सजिलो भएको । |
| बाह्य सहयोग निर्मित कोठा संख्या | छैन | - | - |
| स्थानीय निकायबाट निर्मित कोठा संख्या | छैन | - | - |
| दलित बालबालिकाको शिक्षामा पहुँच | दलित बालबालिकाको शिक्षामा १०० प्रतिशत पहुँच पुगेको । | दलित बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउन सरकारी स्तरवाटनै छात्रवृद्धि दिदै आएको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएकोले दलित बालबालिकाको शिक्षामा पहुँच वढदै गईरहेको । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | सबै घरधुरीमा खानेपानी सेवा उपलब्धता नभएको। | सबै क्षेत्रमा स्वच्छ खानेपानी वितरण गर्न खानेपानी योजना विस्तार रुपमा सञ्चालन गरिदै लैजाने। | सबै घरधुरीहरुमा खानेपानी सेवा उपलब्ध गराउने प्रयास भईरहेको। |
| शौचालय भएको संख्या वा प्रतिशत | सबै घरधुरीहरुमा शौचालय भएकोले खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको नगरपालिका हो। | नगरबासीहरुले आफ्नै प्रयासमा शौचालय निर्माण कार्यमा निरन्तरता दिंदै आएको। सार्वजनि स्थानहरुमा आवश्यक्ता अनुसार शौचालयहरु निर्माण गरिएको। | सबै घरधुरीहरुमा शौचालय भएकोले नगरको वातावरण सफा तथा स्वच्छ भएको छ। |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | सबै प्राथमिक विद्यालयमा खानेपानी सुविधा नभएको। | खानेपानी योजनाको मुहान तथा ट्याङ्की वेलावेलामा मर्मत संभार गरिदै आएको। यसलाई निरन्तरता दिदै लाने प्रयास गर्दछौ। | विद्यालयमा खानेपानी सुविधा उपलब्ध नभएकोले विद्यालयका शिक्षक, शिक्षिका तथा विद्यार्थीहरुलाई स्च्छ पानी पिउन र शौचाल प्रयोग गर्न असजिलो भएको छ। |
| सुधारिएको चुलो भएको परिवार संख्या | ६० घरधुरी परीवारहरुले सुधारिएको चुलो प्रयोग गरेको | समय अनुसार जिवनसैली परिर्वतन गर्ने क्रममा प्रायजसो एल.पि.ग्यासको प्रयोग हुँदै गएको। | धुवाँ रहित चुलो प्रयोग गर्नाले उक्त घरधुरीहरुका मानिसहरु धुवाँवाट मुक्त भएका र सफा भान्सा भएको महसुस गरेका छन। |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **बालबालिका, महिला तथा समावेसी क्षेत्र** | | | |
| बाल विवाह संख्या | केही मात्रमा भएको तर विवरण अध्यावधिक नभएको । | वाल विवाह गराउने कार्यलाई दण्डनीय अपराध मानिएको हुँदा यस कार्य नगर्नको लागि सरकारी तवरवाटनै सूचन प्रवाह गरिदै आएको छ । | वाल विवाह गराउने कार्य दण्डनीय अपराध भएकोले यो कार्य न्यू संख्यामा पुगेको । |
| समाजिक विकृति विसंगतिको अवस्था | न्यून मात्रा भएको । | समाजिक विकृति विसंगतिको अवस्था सुधार गर्न विभिन्न सामाजिक संघ संस्थाहरुद्धारा सञ्चारको माध्यमवाट चेतनामुलक सन्देश प्रवाह गर्ने कार्य भईरहेको । | विभिन्न सञ्चार माध्यमहरुद्धारा चेतनामुलक सन्देश सूचना प्रवाह गरेका कारण पहिलाको अवस्था भन्दा केहि मात्रमा न्यून हुँदै गएको । |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाति | जेष्ठ नागरिक दलित ३३८ जना, जेष्ठ नागरिक अन्य ४७० जना, एक्कल महिला ३ जना, विधुवा महिला ७८७ जना, लोपोन्मुख आदिवासि जनजाति ५६ जना, पूर्णअसक्त अपांगता भएका १६ जना, आशिक अशक्त अपांगता भएका ३३ जना र बालवालिका २६६ जना रहेको । | नेपाल सरकारको निती अनुसार सामाजिक सुरक्षाभत्ता वितरणलाई बैंक मार्फत वितरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिने छ । | थप नयाँ व्यक्तिहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै उनीहरुलाई सहज तरीकाले प्रशासनिक कार्य सञ्चालन गर्दै आएको । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **जनचेतना तथा गरिबी निवारण** | | | |
| बाल श्रमको अवस्था | बालश्रमहरुको अवस्था बजार एरियामा केही नगन्य मात्रामा रहेको तर तथ्याङ्क अद्यावधिक नभएको । | बालश्रम गराउने कार्य दण्डनीय अपराध भएकोले यस्तो कार्य गर्न र नगराउन नेपाल सरकारले विभिन्न सञ्चार माध्यमद्धारा सूचना प्रवाह गर्दै आईरहेको । | बालश्रम गराउने कार्य दण्डनीय अपराध भएकोले बालश्रमको अवस्था न्यून हुँदै गएको । |
| महिला हिंसा | महिला हिंसा केहि नगन्य रुपमा भएतापनि यसको वासतविक तथ्याङ्क नभएको । | महिला हिंसा गर्ने कार्य दण्डनीय अपराध भएकोले यस्तो कार्य गर्न र नगराउन नेपाल सरकारले विभिन्न सञ्चार माध्यमद्धारा सूचना प्रवाह गर्दै आईरहेको । | महिला हिंसा दण्डनीय अपराध भएकोले आम नागरिकहरुलाई सचेत रहन नेपाल सरकारले विभिन्न सञ्चार माध्यमद्धारा सूचना प्रवाह गर्दै आईरहेको हुँदा यस्तो अपराध कार्य न्यून हुँदै गएको । |

| | | | |
|---|---|---|---|
| रोजगारीको अवस्था | नगरका प्रायः युवाहरु वैदेशिक रोजगारका लागि विदेश पलायन भएका छन भने केही मात्रामा नगरभित्रै व्यवसाय गरेको अवस्था । | | वैदेशिक रोजगारमा गएका तथा स्थानिय स्तरमा नै व्यापार व्यवसाय सञ्चालन गर्दै आएको रोजगारीले केहि घरधुरीहरुको आर्थिक स्तरोन्नती हुदै गएको । |
| स्वरोजगारका प्रयासहरु | नगरपालिकाबाट सीपमुलक तालिमहरु प्रदान गरिदै आएको । | यस आ.व.मा स्वरोजगारको लागि विभिन्न किसिमको सीपमुलक तालिमहरु सञ्चालन गरिने निति तथा लक्ष्य रहेको छ । | स्वरोजगारका प्रयासहरु केहि गरिएकोले थोरै मात्रामा उपलब्धी भएको । |
| गरिबी निवारणको प्रयासहरु | समूदाय परिचालन गरि ऋण उपलब्ध गराएको । | चेतनाको कमीको कारण विभिन्न सरकारी गैरसरकारी कार्यालयसँग सम्म पहुँच नपुगेका विपन्न वर्गकोलागि विद्यमान ऐन तथा निती नियम सम्बिन्धि अभिमुखिकरण तालिम कार्यक्रमहरु सञ्चालन गरिने निति तथा लक्ष्य रहेको । | नगरपालिका बाट बाखा पालन, कुटानी पिसानी मिल जस्ता गरिबी निवारणका प्रयासहरु गरिएकोले केहि नगन्यमात्रमा गरिबी संख्या न्यून भएको । |
| सामाजिक परिचालन | नगरपालिकामा समजिक परिचालकवाट सामाजिक परिचालन गरिएको । नागरिक वडा मञ्च गठन भएको र उपभोक्ता समिति गठन भएको । | वडावासीहरुमा सुचना आदानप्रदान गर्ने गरिएको । | |

| | | | |
|---|---|---|---|
| वातावरण सुधारका प्रयासहरु | प्रत्यक हप्ता टोल सरसफाई, फोहोरवाट सामाग्री उत्पादन तालिम, सुईरो कार्यक्रम वृक्षारोपण, पोखरी | ल्याण्डफिल साइटको व्यवस्थापन कार्य थालनी गरिने छ र स्थानीयवासीलाई फोहरमैला व्यवस्थापनको लागि आवश्यक जनचेतनाको | नगरको वातावरण संरक्षणमा टेवा पुगेको । |

| | | | |
|---|---|---|---|
| | निर्माण, सार्वजनिक जग्गा संमरक्षण, वालउद्यान पार्क बनाएको । | विकासको लागि अभियान सञ्चालन गरिने छ । | |
| एच.आई.भि. र एड्स | ६ जना बालवालिकामा देखिएको रहेको । | सरकारले नै विभिन्न सञ्चार माध्यमहरु द्वारा सूचना प्रवाह गर्दै जनचेतना अभिवृद्धि गर्दै आईरहेको । | जनचेतना अभिवृद्धि गर्दै आईरहेकोले यसको संख्या न्यून हुँदै गइरहेको । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| विकासमा समान सहभागिता सेवाहरुमा पहूँच | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | नगरका सम्पूर्ण वासिलाई १ घण्टा भित्र स्थानीय बजार पुग्न सक्ने अवस्था । | स्थानिय बजार छोटो समयमा पुग्नको लागि बाटो निर्माण तथा मर्मत सम्भार कार्य गरिदै आएको । | वाटो मर्मत सम्भार कार्य गर्नाले बजार आवात जावतमा सहज भएको अवस्था । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | १ घण्टा भित्र पुगिने । | कृषि सेवा केन्द्रको संख्या बढाउन गृहकार्य गरिने । | कृषिसेवा केन्द्रवाट कृषकहरुले मल, विभिन्न किसिमको विउँ विजन, वालीनालीमा हाल्ने औषधी आदि सर्वसुलभ तरीकाले प्रयोग गर्न पाएका छन । |

| | | | |
|---|---|---|---|
| भौगोलिक क्षेत्र, महिला पिछडिएका तथा सिमान्तवर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिएको विशेष अवसरहरु | गैर सहकारी संस्थाहरुको सहकार्यमा केहि कार्यक्रमहरु सञ्चालन गरिएको । | यस्ता वर्गहरुमा सेवा सुविधा पुऱ्याउन आवश्यक्ता अनुसार गृहकार्य गरिने नीति तथा लक्ष्य लिएको । | गै.स.स. को सहयोगमा यस्ता वर्गहरुमा थप सेवा सुविधाहरु पुऱ्याउने कार्य भएको तथा सामाजिक परिचालन मार्फत पनि विशेष अवसरहरुको उपलब्धता भएको । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| संस्थागत क्षमता | | | |
| जनशक्ति नीति तथा कार्यक्रम | - | - | । कर्मचारीहरुको आवश्यकता अनुसार थप गर्दै लैजाने । कर्मचारीहरुको क्षमता विकासका लागि अभिमुखिकरण तालिम सञ्चालन गरिने निति तथा लक्ष्य रहेको । |
| भौतिक व्यवस्था | - | - | न.पा.को कार्यालय भवन रहेको, कम्प्यूटर, प्रिन्टर, फोटोकपी ल्यापटप, इन्टरनेट र कम्प्यूटर सफ्वेरको प्रयोग भएको । |
| समन्वय र सहकार्यको प्रयासहरु | - | - | सरकारी, गैरसहकारी नीजि क्षेत्रहरु संग समन्वय र सहकार्य भएको |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | - | - | - |
| स्रोत :-रामग्राम नगरपालिकाको प्रगति प्रतिवेदन | | | |

## ८.१ सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रममा प्राप्त भएका सुझाव/प्रश्न एवम न.पा.को जवाफ

| क्र. सं. | नाम | संस्था/ठेगाना | सुझाव प्रश्न | कार्यकारी अधिकृतको जवाफ |
|---|---|---|---|---|
| १. | शम्भु लम्साल | | यो जिम्मेवारी के आधारमा गरिएको हो, कसले बोलाएर यो कार्यक्रम सञ्चालन गरिएको परासीमा कार्यक्रम गर्ने संस्था नभएर कार्यकारी ज्ञान छ | सूचि दर्ता भएको संस्था हुनु पर्ने भएको हुनाले । |
| २. | विन्देस हरिजन | | कार्यक्रम कहाँको हो कहाँ कसरी खर्च भयो जानकारी होस् | |
| ३. | सुरेश | | हाउस वाइडिङ तालिम वडा नं.४ मा नभई कसरी अन्त्य चलाइयो । | |
| ४. | राजेश कु.गुप्त | कोषाध्यक्ष उद्योग वाणिज्य महासंघ | व्यवसायको डाटा नै छैन । उद्यमी र स्वारोजगार भएकाहरुको डाटा नभएको प्रतिवेदनमा | सामाजिक परिक्षणमा योजनाको बारेमा मात्र छलफल हुने भएकाले यस कुरालाई समावेश नगरिएको । |
| ५. | राधेरमण पाण्डे | तमलोपा | संघसंस्था छनौट गर्दा न.पा. भित्रै भएको भए सहज हुनेथ्यो । शब्द छनौटमा पनि समस्या रहेको । | न.पा.भित्रको संघसंस्थामा यस कार्यका लागि उपयुक्त योग्यता नभएकाले यस संस्थालाई छनौट गरिएको । |
| ६ | खलेन्द्र पन्थी | ने.क.पा.एमाले | साक्षरताको संख्यामा कमी रहेको छ । पानीमा समस्या रहेको र विद्यालयमा पनि खानेपानीको समस्या | यस समस्यालाई समाधान गर्नका लागि आवश्यक गृहकार्य गरिनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | | | रहेको । | |

## ९. सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु

- स्थानिय निकायलाई सक्षम र सवल बनाउने ।
- राजनैतिक दलका प्रतिनिधिहरु, उपभोक्ता समितिका सदस्यहरु, वडा नागरिक मञ्चका प्रतिनिधि सम्मेलित गराई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- वडा नागरिक मञ्चलाई प्रभावकारी बनाउन समावेशी प्रतिनिधित्व एंव सहमतिको आधारमा पूर्न गठन वा वर्तमानलाई नै अधिकार प्रत्यायोजन सहित जिम्मेवार बनाई छलफल एंव सहकार्यका साथ अगाडि बढ्न जरुरी छ ।
- वार्षिक रुपमा नै गरिएको सम्पूर्ण विकासका गविधिका बारेमा वार्षिक नगर विकास योजनामा उल्लेख गरिनु पर्ने ।
- जनसहभागितामा आधारित विकासका कामहरुलाई अझ प्रभावकारी र प्राथामिकता दिनु पर्ने ।
- योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा परीक्षणमा जनसहभागिता जुटाउने कार्यहरु सञ्चालन गर्ने ।
- राजनैतिक दलको सकृयतालाई प्रवद्धन गर्दै दिगो विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
- गरिब, उत्पिडित, विपन्न तथा एकल महिला र फरक पहिचान भएका व्यक्तिहरुलाई प्राथामिकता दिँदै उनिहरुलाई आत्मनिर्भर हुने कार्यक्रमहरु सञ्चालन गर्नमा जोड दिने ।
- वडा भेलाबाट पारित योजनाहरुलाई हुबहु वार्षिक योजनामा सामे गर्नु पर्ने ।
- सामाजिक परिचालकद्धारा सबै वडाका वास्तविक समस्याहरु बुझ्नु पर्ने ।
- न. पा. ले आफ्नो जिम्मा मा रहेको सबै सम्पत्तिहरुको विवरण अद्यावधिक गर्नुपर्ने ।
- फोहोर मैला व्यवस्थापन कार्यमा निजि क्षेत्र र नागरिक समाजलाई समेत परिचालन गर्नुपर्ने ।
- सबै वडाहरुमा वडा कार्यलाय स्थापना गरी सेवा सुविधा स्थानीय स्तरवाटै प्रदान गर्नुपर्ने
- नगरपालिकाको नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषयमा नगर परिषद पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनुपर्ने ।
- स्थानीय कला, सँस्कृति, सम्पदा, वातावरणको संरक्षण एवं प्रवर्द्धन गरी दिगो पर्यटन विकासमा जोड दिनुपर्ने ।
- नगरपालिकाको वार्षिक योजना तथा नितिहरु तयार गर्दा राष्ट्रिय निति र नगरको आवाधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरुलाई ध्यान पुर्‍याउनु पर्ने ।
- नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेट आर्थिक वर्षको शुरुमै विभिन्न माध्यमबाट सार्वजनिक गर्ने र सरोकारवालाहरु बीच जानकारी गराउनु पर्ने ।
- गैर सरकारी संस्था र स्थानीय निकाय, विषयगत कार्यालयहरु समेतको पहलमा भर्ना हुन नसकेका र शिक्षाको पहुँच नपुगेका बालबालिकालाई विद्यालय भर्ना गरी रामग्राम नगरपालिकालाई सतप्रतिशत विद्यालय भर्नाको सूचिमा राख्नका लागि विशेष कार्यक्रम तय गर्नुपर्ने देखिन्छ साथै महिला साक्षरतादर बढाउनका लागि प्रौढ संचालनमा जोड दिनु पर्ने ।

- राजनीतिक दल, पेशागत संघसंगठन, गैर सरकारी संघसंस्था समेतको सञ्जाल तयार गरी नगरको विकासमा सञ्चालनको साझा रणनीति पहिचान गरी कार्यान्वयन गर्ने ।

<u>अनुसूची-२</u>

## १०. <u>योजानाहरुको स्थलगत अवलोकन प्रतिवेदन विवरण</u> ।

❖ <u>वडा नं. ३ रावणखण्डा खोलामा पुलनिर्माण</u>

कुललागतः १,३८,२४,८०७-

<u>नोट :-</u> पुल निर्माण गर्नुभन्दा पहिला मानिस लगायत सवारी साधन आवत जावत गर्न समस्या रहेको थियो भने अहिले त्यो समस्या हटेको छ । यो योजना स्थानिय वासि र नगरपालिकाको सहकार्यमा सम्पन्न भएको हो जस्को कारण स्थानियवासी सन्तुष्टी रहेका छन ।





❖ <u>वडा नं. १० मा लक्ष्मीपुर शहरी स्वास्थ्यकेन्द्र निर्माण</u>

कुल लागतः-९८,५९,४८६।-

<u>नोट :-</u> यस भवन निर्माण पहिले स्वास्थ्य सेवा लिनका लागि सर्वसाधरणलाई निकै कठिनाई भोगेर अन्यत्र टाढा जानु पर्दथ्यो भने अहिले यसै भवनमार्फत स्वास्थ्य सेवा लिन सर्वसुलभ भएको छ भनी स्थानीय वासीहरु वताउछन । यो योजना स्थानिय वासि र नगरपालिकाको सहकार्यमा सम्पन्न भएको हो जस्को कारण स्थानिय वासि सन्तुष्टी रहेका छन ।



## ❖ वडा नं. २ उद्योग वाणिज्य संघ वृक्षा रोपण वातावरणमैत्रीकोष कार्याक्रम

- कुल लागत:-५,००,०००।-

नोट :- नगरपालिका भित्रको भू-उपयोग नभएको खाली जग्गामा वृक्षा रोपण गरिएको हो, जस्ले गर्दा वातावरण स्वच्छ हरियाली हाराभारा देखिएको छ । वातावरणको संमरक्षण हुनुको साथै खाली भएको जग्गाको सदुपयोग भई यसले वातावरण क्षेत्रमा टेवा पुऱ्याएको छ भनी स्थानीयवासीहरु वतउछन । यो योजना स्थानिय वासि र नगरपालिकाको सहकार्यमा सम्पन्न भएको हो जस्को कारण स्थानिय वासि खुशि तथा सन्तुष्टी रहेका छन ।



❖ <u>वडा नं. २, ३ र ५ मा सडक तथा नाला मर्मत</u>

- कुल लागत:-३३,५७,५६०।-

<u>नोट :-</u> सडक तथा नाला भत्कीयर वाटो आवत जावत गर्न समस्या भएको थियो । सडक तथा नाला मर्मत गरेपछि वाटो सफा राम्रो भएको छ । जस्ले गर्दा मानिस लगायत सवारी साधनहरु आवतजावत गर्न सजिलो सर्वसुलभ भएको छ भनी स्थानीय वासिहरु वताउछन । यो योजना स्थानिय वासि र नगरपालिकाको सहकार्यमा सम्पन्न भएको हो जस्को कारण स्थानिय वासि खुशि तथा सन्तुष्टी रहेका छन ।



❖ <u>वडा नं. २, ढल तथा सडक पिच निर्माण</u>

कुल लागतः-५०,७२,०००।-

<u>नोट :-</u> योजना निर्माण गर्नुभन्दा पहिले नाला होचो भएर ढलको पानी राम्रोसँग निकासा भएर बग्दैनथ्यो जस्ले गर्दा सडक फोहोर दुर्गन्दीत भएको थियो । योजना निर्माण पश्चात अहिले त्यो समस्या हटेको छ साथै वाटो सफा राम्रो भएको छ । जस्ले गर्दा मानिस लगायत सवारी साधनहरु आवतजावत गर्न सजिलो सर्वसुलभ भएको छ भनी स्थानीय वासिहरु वताउछन । यो योजना स्थानिय वासि र नगरपालिकाको सहकार्यमा सम्पन्न भएको हो जस्को कारण स्थानिय वासि खुशि तथा सन्तुष्टी रहेका छन ।



❖ <u>वडा नं. ३, घोडापाली सडक तथा नाला निर्माण</u>

- कुल लागत:-५०,००,०००।-खर्च भएको ।

<u>नोट :-</u> योजना निर्माण गर्नुभन्दा पहिले नाला होचो भएर ढलको पानी राम्रोसँग निकासा भएर बग्दैनथ्यो जस्ले गर्दा सडक फोहोर दुर्गन्दीत भएको थियो । योजना निर्माण पश्चात अहिले त्यो समस्या हटेको छ साथै वाटो सफा राम्रो भएको छ । जस्ले गर्दा मानिस लगायत सवारी साधनहरु आवतजावत गर्न सजिलो सर्वसुलभ भएको छ भनी स्थानीय वासिहरु वताउछन । यो योजना स्थानिय वासि र नगरपालिकाको सहकार्यमा सम्पन्न भएको हो जस्को कारण स्थानिय वासि खुशि तथा सन्तुष्टी रहेका छन ।



## कार्यक्रमका केही झलकहरु






आर्थिक वर्ष २०७२/०७३ को सामाजिक परीक्षण
एवम्
प्रारम्भिक प्रतिवेदन छलफल कार्यक्रम
मितिः २०७३/०७/०४ गते
समयः ११ बजे
स्थानः उद्योग वाणिज्य संघको सभाहल
आयोजक
रामग्राम नगरपालिका
नवलपरासी


आर्थिक वर्ष २०७२/०७३ को सामाजिक परीक्षण
एवम्
प्रारम्भिक प्रतिवेदन छलफल कार्यक्रम
मितिः २०७३/०७/०४ गते
समयः ११ बजे
स्थानः उद्योग वाणिज्य संघको सभाहल
आयोजक
रामग्राम नगरपालिका
नवलपरासी


आर्थिक वर्ष २०७२/०७३ को सामाजिक परीक्षण
प्रारम्भिक प्रतिवेदन छलफल कार्यक्रम
समय: ११ बजे
आयोजक
रामग्राम नगरपालिका
नवलपरासी
उद्योग वाणिज्य संघ
नवलपरासी

